CC-0. In Public Domain. Digitization by eGangotri

बौद्धनाथ

संरक्षित स्मारक क्षेत्र - एक परिचय



प्रकाशकः
श्री ५ को सरकार
शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय
पुरातत्त्व विभाग
२०५०

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

वौद्धनाथ संरक्षित स्मारक क्षेत्र
एक परिचय

परिचय

वौद्धनाथ स्तूप काठमाडौं शहरबाट करीव ५ किलो मिटर उत्तर-पूर्वमा वौद्ध बजारको बीचमा अवस्थित छ । यो स्तुप नेपालमा पाइने स्तूपहरु मध्येमा बढी क्षेत्रफल ओगटेर बनेको विशाल स्तूप हो र नेपालमा निर्माण भएका स्तूपहरु मध्ये सबैभन्दा ठूलो स्तूप हो । यस स्तूपलाई खास्ती, खासौ चैत्य तथा खासा चैत्य पनि भनिन्छ । प्राचीन समयदेखि नै वौद्धनाथ क्षेत्र वौद्धधर्म शिक्षा र संस्कृतिको केन्द्रको रुपमा विकशित हुँदै आएको छ । साथै यो क्षेत्र प्राचीन समयदेखि नै व्यापारिक क्षेत्रको रुपमा पनि प्रसिद्ध छ ।

ऐतिहासिक पृष्टभूमि

वौद्धनाथ स्तूप कसले, कहिले निर्माण गरे सोको बारेमा प्रकाश पार्ने प्रामाणिक स्रोतहरुको अभाव छ । केही धार्मिक तथा साहित्कि स्रोतहरुमा भने यस स्तूपको उत्पति, निर्माण, आदिको बारेमा थुप्रै, कुराहरु उल्लेख भएको पाइन्छ । साहित्यिक स्रोतका साथै वौद्धनाथ स्तूपको उत्पति निर्माण आदिका बारेमा केही जनश्रुतिहरु पनि प्रचलित छन् । यस स्तूपको निर्माण पुनर्निर्माण आदिका बारेमा जानकारी दिने पुरातात्विक एवं अभिलेखात्मक स्रोतहरुको ज्यादै अभाव भएकोले नेपाल र तिव्वतमा प्राप्त केही साहित्यिक स्रोतहरु तथा जनश्रुतिहरुलाई यहाँ उल्लेख गरिन्छ । एक स्थानीय लोकोक्ति अनुसार प्राचीन समयको सुखोन्तमा (काङमा) नाम गरेकी एक महिलाले (यी महिलाको नाम म्हाझ्याजिमा भन्ने गरेको पनि पाइन्छ) एक वौद्ध मन्दिर निर्माण गर्न राज़ासंग जमीन मागिन् र राजाले पनि उनको माग बमोजिम जमीन उपलब्ध गराए पछि ती महिलाले यो स्तूपको निर्माण कार्यको शुरु पनि गरिन् । उनी र उनका छोराहरुले कश्यप वुद्धको अस्थिधातु राखी उक्त स्तूपको निर्माण कार्य पूरा गरे । यी महिलाले मेरा छोराहरुले अर्को जन्म लिएर तिव्वतमा धर्म प्रचार गरुन् भनेर प्रार्थना गरे अनुरुप उनका छोराहरुले पद्मसंभव, दलाइलामाको रुपमा अवतार लिई तिव्वतमा वौद्धधर्मको प्रचार गरेका थिए भन्ने जनविश्वास छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

केही वौद्धधर्म ग्रन्थहरुले पनि यस प्रशङ्गलाई उल्लेख गरेका छन् । यस स्तूपको निर्माण गर्न पूरा दुई हज्जार पाँचशय पचपन्न दिन लागेको थियो भन्ने जनधारणा पनि पाईन्छ । फ्रान्सिसी विद्वान सिल्भेलेभिले यस स्तूपको सम्वन्धमा एक लोक धारणाको प्रसङ्गलाई उल्लेख गर्दै छैठौं शताव्दीतिर निर्माण भएको मानेका छन् । सो लोकधारणा अनुसार प्राचीन समयमा नारायणहिटीको पानीको मुहान सुक्न गयो यत्तिकैमा वत्तीसै लक्षणलेयुक्त व्यक्तिको वली दिएमा पानी आउने कुरा राजालाई कसैवाट जानकारी भएपछि राजाले यस्तो मानिसको खोजी गर्दा राजा स्वयं र उनका छोरा राजकुमार बाहेक वत्तीसै लक्षणलेयुक्त भएको मानिस पाएनन् तसर्थ राजाले आफैं काटिएर भएपनि समस्या समाधान गर्ने निधो गरे र छोरा मानदेवलाई भोलि विहान पानीकोमुहानमा सेतो कपडाले ढाकेको एक चीज हुनेछ, त्यसलाई कपडा नहटाई तरवारले दुई टुक्रा पार्ने आदेश दिए । राजकुमार मानदेवले आफ्ना पिताको आज्ञा पालन गरे । मुहानमा सेतो कपडाले ढाकिएर सुतेका राजा स्वयं थिए । आफ्नै पीताको हत्या गरेको थाहा पाएपछि उनी पितृहत्याको कारणले पश्चातापमा परे र साथै भयभीत भए । यस पापवाट मुक्ति पाउनका लागि वज्रयोगिनीको प्रार्थना गरे वज्रयोगिनीले एउटा वौद्ध मन्दिरको निर्माण गर्ने आज्ञा दिइन्, परिणामस्वरुप राजा मानदेवले यस स्तूपको निर्माण गराए । यसै उपलक्ष्यमा राजा मानदेवले भगवान वुद्धको बारेमा वुद्धनै सवैका नाथ हुन् भनेर एउटा प्रार्थनाको रचना गरे । जसलाई वुद्धमार्गीहरु अझै पनि विशेष पूजा-पर्वमा गाउने गर्दछन् । यस प्रार्थनालाई ' रत्न त्रयाय ' भनिन्छ । यस सन्दर्भमा गोपालराज वंशावलीमा उल्लेखित प्रसङ्ग पनि स्मरणीय हुन आउँछ । गोपालराज वशांवलीमा राजा मानदेवले थाहा नपाई बाबुको वध गरे यस्तो महाघोर पाप गरेका हुनाले रुदै घुम्दै गुंविहारको शिखरमा पुगी तपस्या गरे, तपस्याको प्रभावले ठूलो चैत्य उत्पन्न भयो र तीनको प्रतिष्ठा गरियो । यसप्रकार राजा मानदेवले ठूलो चैत्य निर्माण गरेका थिए भन्ने व्यहोरा उल्लेख भएको छ । पछिल्ला वंशावलीहरुमा पनि राजा मानदेवको तिब्वतसंग विशेष सम्वन्ध एवं सम्पर्क रहेको कुराको साथै यस चैत्यलाई " खासा चैत्य " पनि भनिएको पाइन्छ । तिव्वतमा प्रचलित एक लोकोक्ति अनुसार त्यहाँका खासा नाम गरेका लामाले नेपालका राजा मानदेवको रुपमा अवतार लिएका थिए त्यसैले मानदेवको पूर्वजन्मको नामवाट यस स्तूपको नाम खासा चैत्य रहन गएको हो । यी समग्र स्रोत एवं प्रसङ्गहरुमा उल्लेखित राजा मानदेव लिच्छवि राजा मानदेव प्रथम (सन् ४६४-५०५) नै हुन् भने यस स्तूपको निर्माण कार्य पाँचौ छैठौं

CC-0. In Public Domain. Digitization by eGangotri

शताब्दीतिर भएको देखिन आउँछ । अर्को एक स्थानीय जनश्रुति अनुसार वौद्धको स्तूप निर्माण गरेर बांकी रहेका सामानले चावेलको स्तूपको निर्माण गरिएको हो । चावेल स्तूप क्षेत्रमा लिच्छविकालीन अभिलेख, मूर्ति आदि पाइएकोले पनि यो कथन विचारणीय हुन आउँछ । त्यस्तै वोल्डफिल्डले तिव्वतका खासा नाम गरेका एक लामा नेपालमा तीर्थ गर्न आएको वेला उनको मृत्यु भएकोले तीनै लामाको अस्थिराखी यो चैत्यको निर्माण भएकोले यसलाई " खासा चैत्य " भनिएको हो । यस स्तूपको निर्माणको सम्वन्धमा अर्को एक जनश्रुति पनि प्रचलित छ । यस चैत्यको निर्माण कार्य भइरहेको वेला ठूलो खडेरी परेको थियो । परिणामस्वरुप पानीको ज्यादै अभाव हुन गयो । तसर्थ खास्टोमा शीत संकलन गरेर यसको निर्माणको लागि पानी जम्मा गरिएको हुँदा यसलाई ' खास्टो चैत्य ' भनिएको हो ।

गोपालराज वंशावलीले वौद्धनाथ स्तूपको निर्माण गर्ने श्रेय लिच्छवि राजा शिवदेवलाई दिँदै राजा शिवदेव, वर्ष ४१ मा छतेन प्रतिष्ठित विहार ग्रभकृतम् खासौचेत महाकूटम् ' भन्ने व्यहोरा उल्लेख गरेको छ । शायद माथि उल्लेखित विवरणहरुकै आधारमा होला स्लूसरले वौद्धनाथ स्तूपको निर्माण लिच्छवि राजा मानदेवले गरेका थिए भने यसको पुनर्निर्माण शिवदेवले गरेका थिए भनेर उल्लेख गरेका छन् ।

यसप्रकार माथि उल्लेखित प्रसङ्गहरु एवं साहित्यिक स्रोतहरुलाई आंशिक रुपमा स्वीकार गर्दा पनि लिच्छविकालमा वौद्धनाथ स्तूपको निर्माण भइसकेको र यो क्षेत्र वौद्ध संस्कृति शिक्षा एवं धर्मको केन्द्रको रुपमा विकास भइसकेको कुरा अनुमान गर्न सकिन्छ । यसपछि क्रमशः मध्यकाल एवं आधुनिककालमा यस स्तूपको संरक्षण एवं जीर्णोद्धार कार्य हुँदै आयो । यो स्तूपलाई हालको अवस्थासम्म ल्याई पुऱ्याउन नेपाली एवं तिव्वती वौद्धमार्गीहरुले महत्वपूर्ण योगदान पुऱ्याएका छन् । कसै कसैले मल्लकालका कान्तिपुरका प्रसिद्ध राजा प्रताप मल्लले यस स्तूपको जीर्णोद्धार गराएका थिए भनेर उल्लेख गरेको पनि पाइन्छ । आजभन्दा लगभग एकशय वर्ष अगाडिका तिव्वतका तोदेन स्याक्याले यस स्तूपको जीर्णोद्धार गरेर त्रयोदश भूवनमा सुनको पाताले ढाक्ने काम गरे र स्तूपकै क्षेत्रमा पूर्वपट्टि सानो चैत्य बनाएका थिए भनेर स्थानीय बुढापाकाहरु भन्दछन् । वि. सं. १९९० सालको महा-भूकम्पले पनि यस स्तूपलाई क्षति पुऱ्याएको थिएन ।

CC-0. In Public Domain. Digitization by eGangotri

हालको वौद्धनाथ स्तूपको स्वरुप समय समयमा जीर्णोद्धार एवं संरक्षण हुँदै आएको स्वरुप हो । वौद्धनाथ स्तूप नेपालमा पाइने स्तूपहरुमा सबैभन्दा ठूलो स्तूप हो । वौद्धनाथ स्तूप वास्तुकलाको एक उत्कृष्ट नमूना हो । चोसा चोसा परेका चार कुने तीन चार तहको पेटीमाथि स्तूपको गर्भ रहेको, यो स्तूप ज्यादै भव्य एवं आकर्षक छ । यसका आफ्नै मौलिक विशेषताहरु रहेका छन् । काठमाडौं उपत्यकाका महत्वपूर्ण स्मारकहरुका वरिपरि प्रायः थुप्रै अरु स्मारकहरु रहेका हुन्छन् र ती स्मारकहरुले मुख्य स्मारकलाई अझ भव्य एवं आकर्षक बनाएको हुन्छ तर यस स्तूप वरिपरि अरु स्मारकहरु रहेका छैनन् तरपनि यसको कलात्मक, वास्तुकलात्मक एवं भव्यताले त्यो अभाव खड्कन नदिनु यस स्तूपको आफ्नै विशेषता मान्नु पर्छ । यस स्तूपको वरिपरि पञ्चध्यानी वुद्धका मूर्तिहरु रहेका छन् । यस स्तूपको बीच भागमा वैरोचन रहेका छन् - पूर्वपट्टि - अक्षोभ्य, पश्चिमपट्टि - अमिताभ, उत्तरपट्टि - अमोघसिद्धि र दक्षिणपट्टि - रत्नसंभवका मूर्तिहरु रहेका छन् । साथै स्तूपको गुम्वजको वरिपरि १०८ खोपाहरुमा वुद्ध एवं वोधिसत्वका तथा देवीका विभिन्न मूर्तिहरु राखिएका छन् । त्यस्तै यसको जमीन तहको बाहिरपट्टि वरिपरि १४७ जति खोपाहरु रहेका छन्, हरेक खोपामा मानेहरु राखिएका छन् ।

वौद्धनाथ स्तूप वौद्ध धर्मावलम्वीहरुको अति पवित्र तीर्थस्थल हो । त्यसमा पनि अझ तिव्वती लामा तीर्थ यात्रीहरुको ज्यादै महत्वपूर्ण तीर्थस्थल हो र अरु स्तूपको तुलनामा वौद्धनाथ स्तूपमा तिव्वती लामा तीर्थयात्रीहरुको बढी घुँइचो लाग्दछ । तिव्वती वौद्धमार्गीहरुको मुख्य पर्व लोसारमा थुप्रै तिव्वती तीर्थयात्रुहरु यहां तीर्थ गर्न आउने गर्दछन् । यस पर्वमा मूल स्तूपलाई रङ्गी बिरङ्गी ध्वजाहरुले सिगार्ने चलन छ । यो पर्व तिव्वती पात्रो अनुसारको नयाँ वर्षको शुभारम्भ हुने दिन हो र यो पर्व प्रत्येक वर्षको प्रायः माघ महिना तिर पर्न आउँछ । यस पर्वमा आफुभन्दा ठूला तथा मान्यजनकोमा गई आशीर्वाद लिने चलन छ । यस स्तूपमा सम्पन्न हुने अर्को महत्वपूर्ण पर्व हो वाह्र वर्षे पर्व एवं मेला । स्थानीय जनविश्वास अनुसार यो स्तूपको निर्माण गर्न वाह्र वर्ष लागेकोले यो वाह्र वर्ष पर्व एवं मेला लाग्ने क्रम प्रारंभ भएको हो । तिव्वती पात्रो अनुसार १२-१२ वर्षमा वर्षको नामहरु दोहरिन्छ । प्रत्येक १२ वर्षमा यो पर्व आउँछ । यस वर्ष पनि (२०४९ माघ महिनादेखि २०५० साल माघ महिनासम्म) यो प्रसिद्ध वाह्र वर्षे मेला एवं

CC-0. In Public Domain. Digitization by eGangotri



बौद्धनाथ स्तूपको उत्तर तर्फको दृश्य

CC-0. In Public Domain. Digitization by eGangotri



CC-0. In Public Domain. Digitization by eGangotri

रक्षित स्मारक क्षेत्र



CC-0. In Public Domain. Digitization by eGangotri

पर्वको वर्ष रहेको छ । यस पर्वमा नेपाल लगायत चीन, तिव्वत, भारत, बर्मा, श्रीलंका आदि विभिन्न देशका वौद्ध धर्मावलम्वीहरु वौद्धनाथको दर्शन गर्न आउँछन् र आफ्नो जीवन सार्थक भएको ठान्दछन् । यो सवैको अतिरिक्त प्रत्येक वर्षको माघ पूर्णिमामा वौद्ध ध्याङ् गुठी मार्फत म्हाभ्याजिमाको मूर्तिलाई रथमा राखी वौद्ध क्षेत्रको परिक्रमा गराउने चलन छ । साथै वुद्ध जयन्तीमा वुद्धको मूर्ति रथमा राखी यस क्षेत्रमा परिक्रमा गराउने चलन छ । जनै पूर्णिमामा यस स्तूपलाई ध्वजा पताले सिंगारी पूजा आजा गरिन्छ । वौद्धनाथ स्तूप म्हाभ्याजिमा वौद्ध ध्याङ् आदिमा चिनिया लामाका उत्तराधिकारीहरुवाट नित्य पूजा आजा गर्ने परम्परा पनि छ । दिनहूँ हजारौं वौद्ध धर्मावलम्वीहरु यस स्तूपको दर्शन गर्न आउँछन् भने हजारौं हिन्दू धर्मावलम्वीहरु पनि यस स्तूपको दर्शन एवं दृश्यावलोकन गर्न आउने गर्दछन् र साथै थुप्रै पर्यटकहरु यस स्तूपको दृश्यावलोकन गर्न आउने गरेका छन् । वौद्ध ध्याङ् भित्र ' जुगवत्ती ' बाल्ने परम्परा प्राचीन समयदेखि चल्दै आएको परम्परा मानिन्छ । यो वत्ती निरन्तर बालिरहनु पर्छ सक्भर निभ्न दिनु हुँदैन, यदि निभी हाल्यो भने स्वयम्भूको पुरानो ध्याडवाट अथवा वज्रयोगिनीवाट वत्ती ल्याई पुनः बाल्नु पर्ने परम्परा छ । यो चलन एवं परम्परालाई तिव्वती भाषामा " म्हार्मिङ्लाघाङ् " भनिन्छ ।

विश्व सम्पदा सूचीमा समावेश

सन् १९७२ मा संयुक्त राष्ट्र संघ, शिक्षा, विज्ञान तथा सांस्कृतिक संगठनको सत्रौं साधारण सभाले विश्वका महत्वपूर्ण मानव निर्मित एवं प्राकृतिक सम्पदाहरुको संरक्षणको निमित्त एक कन्भेन्सन पारित गऱ्यो । सन् १९७८ मा नेपालले पनि यस कन्भेन्सनमा हस्ताक्षर गऱ्यो र यसको सदस्यता प्राप्त गऱ्यो । यसको एक वर्ष पछि नेपालले काठमाडौं उपत्यकाका ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक दृष्टिले महत्वपूर्ण राष्ट्रिय एवं अन्तरराष्ट्रिय दृष्टिकोणवाट सर्वोत्तम स्थान राख्ने सातवटा स्मारक एवं स्मारक क्षेत्रलाई विश्व सम्पदा सूचीमा समावेश गरिदिन विश्व सम्पदा समितिलाई अनुरोध गऱ्यो । परिणामस्वरुप सन् १९७९ को अक्टोवर महिनामा कायरोमा वसेको विश्व सम्पदा समितिको वैठकले काठमाडौं उपत्यकाका सातवटा स्मारक एवं स्मारक क्षेत्रहरुलाई विश्व सम्पदाको रुपमा मान्यता दियो । यसरी विश्व सम्पदा सूचीमा समावेश भएका महत्वपूर्ण क्षेत्रहरु मध्ये वौद्धनाथ संरक्षित स्मारक क्षेत्र पनि एक हो । यसवाट वौद्धनाथ स्तूप विश्व मानव समुदायकै साझा निधि वन्न पुगेको छ र यो

CC-0. In Public Domain. Digitization by eGangotri

स्मारकको गरिमा अझ बढेको छ ।

वातावरणमा परेको असर

कला, वास्तुकला एवं धार्मिक दृष्टिले अति महत्वपूर्ण साथै अन्तर्राष्ट्रिय मान्यता समेत पाइसकेको वौद्धनाथ स्तूप क्षेत्रको ऐतिहासिक एवं वास्तुकलात्मक वातावरण संरक्षण गर्ने कार्य पनि दिन प्रतिदिन जटिल हुँदै गएको छ । मूल स्तूपको भौतिक अवस्था राम्रै भएपनि उक्त क्षेत्रको वातावारणलाई असर पर्ने कार्य भने तीव्र गतिम अघि बढिरहेको छ । वौद्धनाथ स्तूप वरिपरिका पुराना शैलीका अधिकांश घरहरु सिमेण्ट, कंक्रिट, फलाम आदिको ढिस्कोमा परिणत हुने क्रम जारी छ । अन्य संरक्षित स्मारक क्षेत्रहरुमा जस्तै यहाँ पनि केही वर्ष यतादेखि बढ्दो शहरीकरण, आधुनिक निर्माण सामाग्रीहरु प्रयोग गरी निर्माण भएका आधुनिक आकार प्रकारका बेढङ्गका अग्ला अग्ला घर, भवन तथा गुम्वाहरुले यो क्षेत्रलाई पनि अशोभनीय एवं कुरुप पारिरहेका छन् । टाढा टाढाबाट पनि दृश्यावलोकन गर्न सकिने वौद्धनाथ स्तूप नजिकै गएर पनि राम्ररी हेर्न नसकिने परिस्थिति सृजना भइसकेको छ । यो स्तूपको पूरा तस्वीर लिन नसकिने परिस्थिति सृजना भइसकेको छ । वौद्धनाथ स्तूप क्षेत्रको आसपासका खाली जमीनहरु ठूला ठूला र अग्ला अग्ला रङ्गीविरङ्गी आधुनिक आकार प्रकारका गुम्वा एवं घरहरुले ढाक्की सकेका छन् । यी क्रियाकलापले यस स्तूपलाई प्रत्यक्ष असर पुऱ्याई रहेछन् र यो प्रक्रिया जारी छ ।

संरक्षित स्मारक क्षेत्र घोषित

माथि उल्लेखित परिस्थितिलाई दृष्टिगत गरी श्री ५ को सरकारले उक्त क्षेत्रको ऐतिहासिक एवं वास्तुकलाको वातावरण संरक्षण गर्ने उद्देश्यले प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३ बमोजिम निम्नानुसारको क्षेत्रलाई वौद्धनाथ संरक्षित स्मारक क्षेत्र घोषित गरेको सूचना २०४१ साल श्रावण १५ गतेको राजपत्रमा प्रकाशित गऱ्यो -

पूर्व - कित्ता नं. १०७, ३९४, ३०३, १५०, २३३, १५२, ३८८, ३९७, ३९८, ३९० र ३८५

पश्चिम - होल्गा खोच, पोखरी तथा ढुङ्गेधारा ।

उत्तर - कित्ता नं. १५, २३९, २१०, २०९, २१६, २३२, २२९

CC-0. In Public Domain. Digitization by eGangotri

वडा नं. ३ कित्ता नं. १२०, १२१, २७२

दक्षिण - जोरपाटी पशुपति जाने मूल सडक ।

माथि उल्लेखित क्षेत्रको प्राचीनता, मौलिकता तथा स्वच्छ वातावरण कायम राख्नको लागि श्री ५ को सरकारले " संरक्षित स्मारक घोषित क्षेत्रहरुको व्यवस्था सम्वन्धी निर्देशिका, २०४१ " लागु गरेको थियो । यस निर्देशिका अनुसार सो क्षेत्र भित्र नयाँ घर निर्माण गर्दा, पुरानो घर, मर्मत, पुनर्निर्माण आदि कार्य गर्दा सम्वन्धित नगरपालिकामा पेश गरेको नक्शामा पुरातत्व विभागको समेत सिफारिश भएपछि मात्र नगरपालिकाले नक्शा स्वीकृति दिनु पर्ने व्यवस्था गरेको थियो । तर यो व्यवस्था यस क्षेत्रमा पनि व्यवहारमा राम्ररी लागू हुन सकेन । स्थानीय मनिसहरुले पुरातत्व विभागको स्वीकृति नलिई घर भवन निर्माण, मर्मत, पुनर्निर्माण गर्न, स्वीकृति लिएर पनि स्वीकृत नक्शा एवं मापदण्ड विपरीत निर्माण, पुनर्निर्माण गर्ने क्रम जारी छ । यस क्षेत्रमा पुरातत्व विभागले तोकेको मापदण्ड एवं निर्देशिका बमोजिमका घरहरु निर्माण नभएका भने होइनन् ।

प्राचीन स्मारक संरक्षण ऐन, २०१३ मा भएको व्यवस्था

प्राचीन स्मारक संरक्षण ऐन (संशोधन सहित), २०१३ ले श्री ५ को सरकारले संरक्षित स्मारक क्षेत्र घोषित गर्न सक्ने व्यवस्था गरेको थियो । परिणामस्वरुप कला एवं वास्तुकला, धार्मिक, सांस्कृतिक ऐतिहासिक दृष्टिले महत्वपूर्ण विभिन्न क्षेत्रहरु संरक्षित स्मारक क्षेत्र घोषित भए र माथि उल्लेखित निर्देशिका लागू गर्ने व्यवस्था पनि भयो । तर उक्त निर्देशिकाको पालन नगरेमा कस्तो सजाय हुने आदिको बारेमा ऐनमा स्पष्ट व्यवस्था नहुनाको कारणले कारवाही गर्ने कानूनी आधार भएन । तसर्थ यी सबै कमजोरीहरुलाई महसूस गरी श्री ५ को सरकारले प्राचीन स्मारक संरक्षण ऐन, २०१३ लाई स्पष्ट व्यवहारिक एवं समयानुकूल बनाउने उद्देशयले २०४३ सालमा उक्त ऐनको तेश्रो संशोधन गरी लागू गरेको छ । यो व्यवस्था यस क्षेत्रमा पनि लागू हुने भएकोले यहाँ संक्षेपमा उल्लेख गरिन्छ ।

प्राचीन स्मारक संरक्षण ऐन (संशोधन सहित) २०१३ को दफा ३ को उपदफा (१), (२), (३) र (४) मा श्री ५ को सरकारले कुनै प्राचीन स्मारक रहेको ठाउँ वा क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषित गर्न सक्ने र संरक्षित

CC-0. In Public Domain. Digitization by eGangotri

स्मारकं क्षेत्र घोषित गर्ने प्रक्रिया आदिको व्यवस्था भएको छ ।

उक्त दफाको उपदफा (५) ले संरक्षित स्मारक क्षेत्रभित्र कसैले टेलिफोन वा विद्युत लाइन जडान गर्न, खानेपानी वा ढलको लागि जमीन खन्न, सडक बनाउन वा मर्मत गर्न, चलचित्र सुटिङ्ग गर्न वा पोष्टर टाँस्न, पुरातत्व विभागको स्वीकृति लिनु पर्ने व्यवस्था गरेको छ ।

प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३ को उपदफा (६) मा संरक्षित स्मारक क्षेत्र भित्र कसैले आफ्नो हकभोगको जग्गामा नयाँ घर वा भवन निर्माण गर्दा वा साविक आकारमा परिवर्तन हुने गरी आफ्नो घर वा भवनको मर्मत, थपघट वा पुनर्निर्माण गर्दा पुरातत्व विभागले तोकेको मापदण्ड बमोजिम गर्नु पर्ने प्रावधान छ । साथै नगरपालिका क्षेत्र भित्र पर्ने संरक्षित स्मारक क्षेत्रमा घर वा भवनको निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण गर्न चाहने व्यक्तिले पेश गरेको नक्शा नगरपालिकाले प्रचलित कानून बमोजिम पास गर्नु भन्दा अगावै त्यस्तो नक्शामा पुरातत्व विभागको स्वीकृति लिनु पर्नेछ । नगरपालिकाबाट यसरी स्वीकृतिको लागि प्राप्त नक्शा अध्ययन गरी पुरातत्व विभागले स्वीकृति दिन, नदिन वा संशोधन सहित स्वीकृति दिन सक्ने व्यवस्था उक्त दफाको उपदफा (७) ले गरेको छ । त्यस्तै उपदफा (८) मा संरक्षित स्मारक क्षेत्रमा घर वा भवनको निर्माण, मर्मत थपघट वा पुनर्निर्माण कार्य गर्दा स्वीकृत नक्शा बमोजिम नगरेमा त्यस्तो घर वा भवनको निर्माण कार्य रोक्न पुरातत्व विभागले आदेश दिन सक्ने प्रावधान छ । यसप्रकार पुरातत्व विभागले दिएको आदेश नमानी निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण गरेको घर वा भवनलाई स्थानीय हाकिम (प्रमुख जिल्ला अधिकारी) ले पैंतीस दिनको म्याद दिई भत्काउन आदेश दिन सक्नेछ । त्यस्तो आदेश उपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र श्री ५ को सरकारमा उजूरी दिन सक्नेछ । त्यस्तो उजूरीको सम्बन्धमा श्री ५ को सरकारको निर्णय अन्तिम हुने व्यवस्था उक्त ऐनको दफा ३ को उपदफा (९) ले गरेको छ । यस अनुसार उजूरी परेकोमा श्री ५ को सरकारबाट निर्णय भएपछि सो निर्णय भएको मितिले पैंतीस दिनभित्र र उजूरी नपरेकोमा उपदफा (९) बमोजिम स्थानीय हाकिमले आदेश दिएको मितिले पैंतीस दिनभित्र सम्बन्धित व्यक्तिले घर वा भवन भत्काउनु पर्नेछन् । सो म्यादभित्र घर वा भवन नभत्काएमा स्थानीय हाकिमले त्यस्तो घर वा भवन भत्काउन सक्नेछ र त्यसरी भत्काउँदा लागेको खर्च सम्बन्धित व्यक्तिबाट असूल उपर गरिने व्यवस्था उक्त ऐनको दफा

CC-0. In Public Domain. Digitization by eGangotri

३ को उपदफा (१०) ले गरेको छ ।

यसप्रकार प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को तेस्रो संशोधन, २०४३ ले श्री ५ को सरकारले संरक्षित स्मारक क्षेत्र घोषित गरेको क्षेत्र भित्र के के गर्नु हुने, के के गर्न नहुने, नक्शा स्वीकृति सम्वन्धी प्रक्रिया, स्वीकृत नक्शा विपरीत निर्माण गरेमा हुने कानूनी कार्यवाही आदिको स्पष्ट व्यवस्था गरेको छ ।

श्री ५ को सरकार, शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय, पुरातत्व विभागले काठमाडौं उपत्यंकाका श्री ५ को सरकारले संरक्षित स्मारक क्षेत्र घोषित गरेका संरक्षित स्मारक क्षेत्रहरुको ऐतिहासिक एवं वास्तुकलाको वातावरणको दुरुपयोग हुन नदिन तथा सो क्षेत्रहरुको परम्परागत शैली एवं सांस्कृतिक धरोहरहरुको संरक्षण गर्ने, सो क्षेत्रको प्राचीनतम् मौलिकता र स्वच्छ वातावरण कायम राख्ने उद्देश्यले स्मारक क्षेत्रहरुमा निर्माण हुने घर भवनहरुको निमित्त " काठमाडौं उपत्यकाका संरक्षित स्मारक घोषित क्षेत्रहरुमा हुने निर्माण सम्वन्धी मापदण्ड एवं निर्देशिका - २०४८ " बनाई लागू गरेको छ र वौद्धनाथ संरक्षित स्मारक क्षेत्रमा पनि यही मापदण्ड एवं निर्देशिका लागू हुन्छ । यस निर्देशिकामा संरक्षित स्मारक क्षेत्रमा निर्माण हुने घर तथा भवनहरुको स्वरुप, उचाई, छाना, भ्याल, ढोका आदिका बारेमा स्पष्ट उल्लेख गरिएको छ ।

अरु कतिपय स्मारकहरुको तुलनामा, वौद्धनाथ स्तूपको हालको भौतिक स्वरुप राम्रै मान्नु पर्छ, यसको तात्पर्य यो स्तूपको संरक्षण एवं जीर्णोद्धार कार्य गर्नु आवश्यक छैन भन्न खोजिएको भने होइन । वौद्धनाथ स्तूपको संरक्षण एवं जीर्णोद्धारको समस्या भन्दा पनि यस क्षेत्रको ऐतिहासिक एवं वास्तुकलाको वातावरण संरक्षण गर्ने कार्य दिन प्रतिदिन कठिन हुँदै गइरहेको छ । परम्परागत वास्तुकलाको नमूनाको रुपमा रहेका यस क्षेत्रका निजी स्वामित्वका घर भवनहरु मासिने क्रम तीव्र गतिमा अगाडि बढीरहेको छ । तसर्थ वौद्धनाथ स्तूपको संरक्षणको साथै यस क्षेत्रको ऐतिहासिक एवं वास्तुकलाको वातावरण संरक्षण गर्ने कार्यमा हामी सबैले आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण योगदान पुऱ्याउनु परेको छ र यो हामी सबैको साझा कर्तव्य एवं दायित्व हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri